# राष्ट्रिय मानव अधिकार आयोग
## पूर्वाञ्चल क्षेत्रीय कार्यालय, विराटनगर


**<u>प्रेस नोट</u>**

**पूर्वाञ्चलको मानव अधिकार अवस्थाबारे छलफल र आकस्मिक अनुगमन**

१४ असोज २०७१, विराटनगर

राष्ट्रिय मानव अधिकार आयोगको एक उच्चस्तरीय टोलीले हालै ताप्लेजुङ, पाँचथर, इलाम, झापा र मोरङ्ग जिल्लामा मानव अधिकारको विश्वव्यापी आवधिक समीक्षा, प्रेस स्वतन्त्रता तथा समग्र मानव अधिकार अवस्थाको बारेमा छलफल, अन्तरकृया तथा आकस्मिक अनुगमन गरेको छ ।

सो टोलीले मानव अधिकार अवस्थाबारे नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्यहरू र पूर्वाञ्चलका दश जिल्लाका अध्यक्षहरु, स्थानीय प्रहरी प्रशासन, मानव अधिकारकर्मीहरु, नागरिक समाजका प्रतिनिधिहरु, शिक्षा, स्वास्थ्यसँग आबद्ध कर्मचारीहरुसँग छलफल गरेको छ । छलफलबाट यी जिल्लाहरुमा जातीय भेदभाव, घरेलु हिंसा, बलात्कार, बालश्रम, न्यायप्रशासन, शिक्षा, स्वास्थ्य, आदिबासी जनजातिका अधिकारहरु, उपभोक्ताका अधिकारहरु, वैदेशिक रोजगारबाट बढ्दै गएको सामाजिक तथा पारिवारिक विखण्डन समेतका समस्याहरु गम्भीर रहेको बुझिएको छ । आयोगको टोलीले छलफलबाट उठेका विषयहरुको सन्दर्भमा इलाम जिल्ला अस्पतालको आकस्मिक अनुगमन गरी आवश्यक निर्देशन दिएको छ । साथै टोलीले सशस्त्र द्वन्द्वको अवधिमा झापा जिल्लाका २२ जना व्यक्तिहरुको अवस्था अझै अज्ञात रहेको र उनीहरुको स्मरणमा पीडित परिवारहरुले तयार गरेको संस्मरण स्तम्भको अवलोकन गरेको छ ।

अनुगमनको क्रममा प्राप्त सूचनाहरुको आधारमा ती जिल्लाका सम्बद्ध अधिकारीहरुलाई कानुनको शासन स्थापनाबाटै मानव अधिकारको सम्मान हुने भएकोले त्यसतर्फ सकृय रहन निर्देशन दिएको छ । साथै आदिबासी जनजातिसँग सम्बद्ध अधिकारका विषयहरुलाई वार्ता र संवादबाटै टुङ्ग्याउन पनि अनुरोध गरिएको छ ।

आयोगको उच्चस्तरीय टोलीमा आयोगको का.मु. सचिव वेदप्रसाद भट्टराई, आयोगको क्षेत्रिय कार्यालय विराटनगरका निर्देशक कोषराज न्यौपाने लगायतको सहभागिता थियो ।

........................
कोषराज न्यौपाने
कार्यालय प्रमुख


फोन नं. ०२१-४६१९३१, ४६१०९३ फ्याक्स नं. ००९७७-०२१-४६११०० पो.ब.नं. १८७ विराटनगर, नेपाल,
इमेलः nhrc@nhrcbrt.org वेबसाइटः www.nhrcnepal.org